"सर्वत्र वैभव, सभ्यता र स्वाभिमान; जनजनको पौरख, शैलुङको निर्माण"

# शैलुङ गाउँपालिका
## Shailung Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

काटाकुटी, दोलखा
Katakuti, Dolakha
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

पत्र संख्या / Ref. No.:- ०७८/७९
चलानी नं. / Dispatch No.:-

मिति / Date: २०७८/१०/२४

### विषय: प्रस्ताव आव्हान सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत अति विपन्न तथा पछाडि पारिएका समुदायका महिलाहरु (कोभिडबाट प्रभावित समेत) को लागि जीविकोपार्जन सुधार तथा स्वरोजगार कार्यक्रम कार्यान्वयनका लागि 'जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड,२०७७' बमोजिम काम गर्न इच्छुक प्रचलित कानून बमोजिम दर्ता भएका संस्था तथा सहकारी संस्थाहरुले तपसिल बमोजिमको विवरण तथा कागजात सहित सोहि कार्यविधिको अनुसुची-२ बमोजिमको ढाँचामा सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिन्छ ।

तपसिल

१. संस्थाको विधान,परिचय,उदेश्य,कार्यसम्पादन प्रक्रिया,भौतिक तथा वित्तय स्रोत सम्बन्धी विवरण,
२. प्रस्तावित व्यवसायको अवधारणापत्र,व्यवसायको क्षेत्र,तालिम अवधि र स्रोत परिचालन सहितको व्यवसायिक योजनाको विवरण,
३. प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
४. अघिल्लो आ.व.को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि,
५. अघिल्लो आ.व.को लेखा परीक्षण प्रतिवेदन,
६. प्रस्तावित कार्यक्रममा संस्थाको योगदाको अंश, अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीमा स्रोत सहितको यथार्थ विवरण,
७. कालोसुचीमा नपरेको र प्रचलित कानून बमोजिम अयोग्य नरहेको स्व-घोषणा,
८. प्रस्ताव दर्ता गर्दा संस्थाले विपन्न र एकल महिलाको आर्थिक उत्थान तथा सशक्तीकरण हुने गरी व्यवसायिक सम्भाव्यता समेत उल्लेख गरी सोको कार्यान्वयन कार्ययोजना सहितको प्रस्ताव पेश गर्नुपर्नेछ ।

**नि.प्रमुख प्रशासकीय अधिकृत**